
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ २४ गते बुधबार ❑ 7 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## आधिकारिक व्यक्तिमात्रै बसेर करका दरसम्बन्धी निर्णय गरिएको हो : अर्थमन्त्री

**रासस**
काठमाडौं, २३ जेठ

अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट निर्माणमा बजेट तर्जुमा दिग्दर्शनमा उल्लेखित पदाधिकारी मात्रै बसेर करका दर निर्धारण गरिएको प्रस्ट पार्नुभएको छ।

प्र ति नि धि स भा को मंगलबारको बैठकमा सदस्यहरूले बजेट निर्माणका क्रममा अनधिकृत व्यक्तिको संलग्नताबारे उठाएको जिज्ञासामा उहाँले आधिकारिक व्यक्ति मात्रै बसेर करका दरलाई वैज्ञानिक बनाइएको बताउनुभयो । उहाँले गोप्य कोठामा आधिकारिक व्यक्तिमात्र बसेर करका दर बढाउने, घटाउने र हेरफेर गर्ने निर्णय गरिएको बताउनुभयो। "करका दरसम्बन्धी निर्णय हामीले स्वतन्त्रपूर्वक गरेका छौँ, आन्तरिक अध्ययन, सरोकारवालाका सुझाव तथा राजस्व परामर्श समितिको सिफारिसका आधारमा हामीले निर्णय गरेका हौँ", उहाँले भन्नुभयो।

आफूले कुनै पनि प्रभावबाट मुक्त भएर पारदर्शी ढङ्गबाट काम गरेको उल्लेख गर्दै उहाँले प्रभावबाट मुक्त भएर काम गर्छु भनेर मन्त्रालय छिरेको बताउनुभयो । "त्यही प्रतिबद्धता पालना गरेको छु। जिम्मेवारीमा रहेसम्म कर्तव्य निष्ठताका साथ काम गर्छु। यो विश्वास दिलाउन चाहन्छु", अर्थमन्त्री डा महतले भन्नुभयो । बजेट निर्माणमा आवश्यक सहयोगीका सम्बन्धमा आफू मन्त्रालयमा आउनुभन्दा नै अगाडि निर्णय भइसकेको उहाँले प्रस्ट्याउनुभयो। "म आउनुअगाडि नै रामकृष्ण श्रेष्ठले नियुक्त पाइसकेको रहेछ । ३०औँ वर्षदेखि यही काम गर्दै आएको अनुभवी, दक्ष र इमान्दार भएर उहाँलाई ल्याइएको रहेछ", उहाँले भन्नुभयो, "निर्णय प्रक्रियामा उहाँको संलग्नता छैन, निर्णय भइसकेको कुरा 'इन्ट्री' गर्ने उहाँको जिम्मेवारी हो। बजेटमा जे आएको त्यसको स्वामित्व हामीले लिएका छौँ, कुनै बाह्य व्यक्तिको संलग्नता नभएको विश्वास दिलाउँछु।"

गोप्यरूपमा, छोटो समयमा काम गर्नुपर्ने र टाइप गर्नका लागि आवश्यक सहयोगी चाहिने उहाँको भनाइ छ । "निर्णय गर्ने ठाउँमा उहाँ हुनुहुन्न। निर्णय प्रक्रियामा बसेको पदाधिकारीको उपस्थितिमा 'यो यो इन्ट्री गर' भन्ने निर्देशनमा श्रेष्ठले लेख्नुभएको हो", अर्थमन्त्रीले भन्नुभयो । उहाँले नियोजित रूपमा लगाइएको आरोपका आधारमा अविश्वास गर्न नहुने बताउनुभयो। सहयोगीको आफूसँग कुनै कुनै चिनजान नरहेको पनि उहाँले जानकारी गराउनुभयो । "आधिकारिक व्यक्तिले आधिकारिक निर्णय भएको करको दर, संशोधनलगायतलाई इन्ट्री गर्नका लागि उहाँले वर्षौंदेखि लगातार काम गर्दै आउनुभएको छ । सोही प्रयोजनका लागि मअघिको मन्त्रीले श्रेष्ठलाई नियुक्त गर्नुभएको होला", अर्थमन्त्री डा महतले भन्नुभयो, "उहाँले आधिकारिक रूपमा सहयोगीको भूमिका निर्वाह गर्नुभयो। गोप्य निर्णय गर्ने ठाउँमा उहाँ कहीँकतै संलग्न हुनुहन्न ।" उहाँले बिचौलियालाई त आफूले छेउछाउमा आउन पनि नदिएको बताउनुभयो।

विद्युतीय सवारीलाई प्रोत्साहन गर्न यसअघि कम भन्सार दर राखिएको उल्लेख गर्दै उहाँले विद्युतीय सवारीमा लाग्ने करलाई समयानुकूल बनाउनुपर्ने भएकाले करका दर पुनरावलोकन गरिएको बताउनुभयो। "विद्युतीय सवारीको बिक्रीमा ठूलो मार्जिन छ, जुन उपभोक्तामा सरिरहेको छ, हामीले छुट दिए पनि ग्राहकले नपाउने अवस्था विद्यमान छ। त्यसलाई हेर्नुपर्ने अवस्था छ। यसमा 'इफ र बट' छैन", अर्थमन्त्रीले भन्नुभयो, "पुनः समायोजन गरिएको हो, पेट्रोलियम सवारीमा लगाइएको करभन्दा धेरै गुणा कम छ।"

## पशुमा पूर्ण खोपसँगै प्रभावकारिता मूल्याङ्कन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

गण्डकी प्रदेशमा पशुमा पूर्ण खोप कार्यक्रम सञ्चालन भइरहेको छ। रोगका कारण हुने पशुजन्य उत्पादनको गिरावटलाई कम गरी खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि प्रदेश सरकारले पशुमा पूर्ण खोप कार्यक्रम सञ्चालन गरेको हो।

प्रदेशको कृषि मन्त्रालयअन्तर्गत पशुपन्छी विकास निर्देशनालय मातहतका जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूले स्थानीय तहहरूसँगको सहकार्यमा पालिकाहरूमा पुगेर पशुमा खोप कार्यक्रम सञ्चालन गरेका हुन् । पशुमा खोपसँगै खोपको प्रभावकारिता मूल्याङ्कन (सेरो मनिटरिङ) पनि सुरु भएको छ। खोपको प्रभावकारिता मूल्याङ्कन पशुपन्छीरोग अन्वेषणप्रयोगशाला पोखरा र निर्देशनालयले पूर्ण खोप कार्यक्रम सञ्चालन भएका जिल्लाहरूमा पुगेर नमूना परीक्षण गरिरहेको हो।

पशुपन्छी विकास निर्देशनालय र पशुरोग अन्वेषण प्रयोगशालाबाट खटिएका प्राविधिकहरूले खोपको प्रभावकारिता परीक्षणका लागि खोप लगाइएका पशुको रगत सङ्कलन गरी प्रयोगशालामा परीक्षण गरिएको निर्देशनालयका अधिकृत सुरेशकुमार श्रेष्ठले बताउनुभयो । खोपकर्ताहरूबाट कृषकको फार्म तथा गोठहरूमा पूर्ण खोप कार्यक्रम कार्यान्वयनसँगै सेरो मनिटरिङको कामसमेत अहिले सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो । प्रयोगशालाबाट एक हप्तामा नमूना परीक्षणको नतिजा प्राप्त हुने बताइन्छ । उहाँले भन्नुभयो, "खोप लगाएका गाईभैंसीमा खोपले काम गर्‍यो गरेन भनेर रगत सङ्कलन गरी प्रयोगशालामा परीक्षण गर्छौं। पशुमा खोप लगाएको २१ दिनपछि नमूना लिन सुरु हुन्छ, खोपले पशुको शरीरमा विकास गरेको प्रतिरोधात्मक क्षमताबारे जानकारी हुन्छ ।" परीक्षणपछि पशुमा प्रतिरोधात्मक क्षमता विकास नभएमा पुनः खोप दिनुपर्ने हुन्छ।

प्रदेश सरकारले पशुहरूमा सङ्क्रामक रोग उन्मूलन गरी गुणस्तरीय पशुजन्य उत्पादन सुनिश्चित गर्ने उद्देश्यले तीन वर्षभित्रमा प्रदेशका ८५ वटै पालिकामा पूर्ण खोप कार्यक्रम कार्यान्वयनको योजना दुई वर्षअघि सुरु गरेको थियो। खोप कार्यक्रममा भैंसीलाई खोरेत र एचएसविक्यू, भेडाबाखामा पिपिआर र खोरेत, बङ्गुरमा हैजा र कुकुरमा रेबिज विरुद्धको खोप दिने गरिएको छ।

पशुबाट मान्छे र मान्छेबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने असरबाट बचाउन खोप कार्यक्रम प्रभावकारी बनेको भेटेरिनरी अस्पताल कास्कीका अधिकृत पुष्पराज बास्तोलाले बताउनुभयो।

## पर्यटनलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, २३ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुकको पर्यटन क्षेत्रलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ।

काठमाडौंमा मंगलबारदेखि सुरु भएको हिमालयन ट्राभल मार्टको चौथो संस्करणको उद्घाटन गर्दै उहाँले सरकारको उच्च प्राथमिकतामा परेको पर्यटन क्षेत्रमा ढुक्कका साथ लागनी गर्न व्यवसायीलाई आग्रह गर्नुभयो।

प्रधानमन्त्री दाहालले पर्यटन पूर्वाधारमा लगानी गर्न विश्व समुदायलाई आह्वानसमेत गर्नुभयो । उहाँले भन्नुभयो, "सरकारले पर्यटनलाई उच्च प्राथमिकतामा राखेको छ, कम लागतमा बढी प्रतिफल दिने तुलनात्मक लाभको क्षेत्र पनि पर्यटन भएकाले ढुक्कका साथ लगानी गर्न आग्रह गर्दछु, त्यसका लागि सहजीकरण गर्न सरकार प्रतिबद्ध छ ।" अनुपम प्राकृतिक सुन्दरता, भौगोलिक विविधता, मनोरम हिमशृङ्खला तथा भाषा, कला, सम्पदा र संस्कृतिको महत्वपूर्ण गन्तव्यको रूपमा रहेको भन्दै प्रधानमन्त्री दाहालले नेपालको पर्यटनलाई आर्थिक समृद्धिसँग जोडेर देशको अर्थतन्त्रमा सुधार गर्नसकिने धारणा राख्नुभयो।

सरकारले पर्यटकीय पूर्वाधार विस्तार र सेवा क्षेत्रको गुणस्तर अभिवृद्धिलाई पनि उच्च प्राथमिकता दिएको उहाँले उल्लेख गर्नुभयो । प्रधानमन्त्री दाहालले नेपाललाई हिमालय प्रवेशद्वारको रूपमा पहिचान गराउँदै नेपालको पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण मानिएको हिमालयन ट्राभल मार्टले नेपाललगायत हिमालय क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि मार्ट प्रमुख मञ्च भएको बताउनुभयो।

देशमा आर्थिक वृद्धि र अनेकन रोजगारीको अवसरहरू सिर्जना गर्न प्रचुर सम्भावना रहेको पर्यटन क्षेत्र मुलुकको अर्थतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै उहाँले नेपाललाई जीवन्त अनुभवहरू प्रदान गर्ने एक आकर्षक पर्यटन गन्तव्यका रूपमा विकास गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

देशमा तीन तहको निर्वाचन सम्पन्न भई सरकार र राजनीतिक दलको ध्यान अर्थतन्त्रको विकासमा केन्द्रित रहेको भन्दै यसलाई थप मजबुद बनाउन पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरीले नेपालको पर्यटनलाई विश्वबजारमा प्रवर्द्धन गर्न मार्ट उपयोगी हुने बताउनुभयो। पर्यटन मन्त्रालयका सचिव सुरेश अधिकारीले नेपाल गन्तव्यको विश्व

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## आगामी आवको बजेटले आर्थिक सङ्कट टार्दैन : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २३ जेठ

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटले विद्यमान आर्थिक सङ्कट नटर्ने दाबी गर्नुभएको छ।

प्र ति नि धि स भा को मंगलबारको बैठकमा आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सामान्य छलफलमा भाग लिँदै अध्यक्ष ओलीले मुलुकको अर्थतन्त्रलाई शीघ्र सुधारका लागि लिनुपर्ने नीति तथा कार्यक्रम बजेटमा नरहेको भन्दै सङ्कटापन्न नेपाली अर्थतन्त्रको पुनःस्थापनाका लागि योजना नरहेको टिप्पणी गर्नुभयो।

"आगामी आवको बजेट समस्याको पहिचान नगरी प्रस्तुत भएको छ । मेरो नेतृत्वको सरकार हुँदा अर्थतन्त्र उकालो लाग्दै गएको अन्तर्राष्ट्रिय क्षेत्रले उल्लेख गरेको थियो तर पछिल्ला वर्षमा ओरालो लाग्दै गएको छ।" उहाँले आगामी आवको बजेटले १५औँ आवधिक योजना तथा दिगो विकासका लक्ष्य हासिल गर्न नसक्ने जिकिर गर्नुभयो । अध्यक्ष ओलीले देशको गौरव, इज्जत, प्रतिष्ठालाई ख्याल गर्दै जनताका इच्छा आकाङ्क्षालाई सम्बोधन गरी भावी पुस्तालाई सबल र समृद्धि मुलुक हस्तान्तरण गर्नुपर्नेमा दायित्व रहेको बताउनुभयो।

## व्यवसाय र पर्यटन प्रवर्द्धन गर्न प्रवर्द्धनात्मक भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

इम्ब्रोइडरी एण्ड गार्मेट एसोसिएसन (एगा) पोखराको टोली हिमाल पारीको जिल्ला मुस्ताङसम्म व्यवसाय एवम् पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ सोमबार त्यसतर्फ प्रस्थान गरेको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धनमा एगाका सदस्य एवम् पर्यटन सम्बद्ध संस्थाका प्रतिनिधि र सञ्चारकर्मी सहितको ४५ सदस्यीय टोली प्रवर्द्धनात्मक भ्रमणका लागि त्यसतर्फ लागेको हो । एगाका अध्यक्ष इन्द्रप्रसाद भण्डारीको नेतृत्वको टोलीमा पोखरा महानगरपालिका पर्यटन विकास समितिका उपाध्यक्ष रवीन्द्रराज पौडेल, पर्यटन तथा सामाजिक अभियान्ता कृष्ण केसी लगायतको सहभागिता छ।



टोलीले पर्वत, म्याग्दी, मुस्ताङ र बागलुङका विभिन्न धार्मिक एवम् पर्यटकीय स्थलहरुको अध्ययन, अवलोकनका साथै व्यवसायी र जनप्रतिनिधिहरूसँग अन्तरक्रिया गर्ने अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । विशेषतः इम्ब्रोइडरी र गार्मेन्ट्ससँग सम्बन्धित उद्योग र उत्पादनमूलक सामाग्रीको अध्ययन अवलोकन गर्ने भ्रमणको उद्देश्य रहेको उहाँले बताउनुभयो।

भ्रमण टोली हिमाल पारीको जिल्ला मुस्ताङस्थित नेपाल र चीनबीचको कोरला नाकासम्म पुग्ने एगाका उपाध्यक्ष गोकर्ण लम्सालले जानकारी दिनुभयो । भ्रमणका क्रममा स्थानीयस्तरमा उत्पादित अल्लो लगायतका सामाग्रीका बारेमा जानकारी लिनुका साथै बजारीकरणका सम्बन्धमा छलफल गरिने उहाँले बताउनुभयो । भ्रमण टोलीलाई नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रवन्धक नवीन पोखरेल, एगाका पूर्व अध्यक्षद्वय चीरञ्जीवि पोखरेल र कृष्णकुमार श्रेष्ठ लगायतले बिदाई गर्नुभएको थियो । उक्त अवसरमा पर्यटन बोर्डका प्रबन्धक पोखरेलले स्थानीयस्तरमाउत्पादितसामाग्रीको प्रवर्द्धन र बजारीकरणका लागि भ्रमण महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो । एगाका पूर्व अध्यक्ष चिरञ्जीवी पोखरेलले पर्यटन प्रवर्द्धनमा एगाले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै यसले व्यवसाय प्रवर्द्धनमा पनि सघाउने उल्लेख गर्नुभयो। प्रवर्द्धन टोली शुक्रबार पोखरा फर्कने उपाध्यक्ष लम्सालले जानकारी दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकीमा 'सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश कार्यक्रम'

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

गण्डकी प्रदेश सरकारले 'सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश कार्यक्रम' लाई निरन्तरता दिएको छ।

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा नागरिकलाई सडक मानव बन्नुपर्ने अवस्थाबाट रोक्नका लागि मनोसामाजिक परामर्श सेवालगायत सामाजिक तथा आर्थिक सुधारका कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

स्थानीय तहसँगको सहकार्यमा 'ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र' स्थापना तथा सञ्चालन र सुदृढीकरणका कार्यक्रमलाई निरन्तरता दिँदै हाल सञ्चालित ज्येष्ठ नागरिक आश्रमको संस्थागत सुदृढीकरण गरिने सरकारले जनाएको छ।

ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताका लागि विभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिने, प्रदेश र स्थानीय तहमा निर्माण हुने संरचनालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमैत्री बनाउने नीति अवलम्बन गर्दै प्रभावकारी कार्यान्वयन गर्ने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ।

अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, प्रवर्द्धन तथा सशक्तीकरण कार्यक्रममा जोड दिँदै समुदायमा आधारित पुनःस्थापना कार्यक्रम सञ्चालन गरिने, पूर्ण अशक्त, अतिअशक्त, अटिजम, डाउन सिन्ड्रोम र बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकपर्ने विशिष्ट प्रकारको सेवासुविधा उपलब्ध गराउने सरकारले भनेको छ।

दाइजो प्रथा, बोक्सी प्रथा, जातीय छुवाछूत, लैङ्गिक विभेदलगायतका सामाजिक कुरीतिविरुद्ध सचेतनामूलक अभियानलाई निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ। माझी, मुसहर, चेपाङ, कुसुन्डा, दराई, कुमाल, बोटे, बराम, छन्त्याललगायतका सिमान्तकृत र लोपोन्मुख जातिको सचेतना अभिवृद्धि, आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्न विभिन्न कार्यक्रमका साथै एकल महिला, थारू, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायत समुदायको सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

# कनेक्टिङ वर्ल्ड एजुकेसनको रनिङ शिल्ड भलिवल प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

कनेक्टिङ वर्ल्ड एजुकेसनको आयोजनामा हालै पोखरामा सम्पन्न भएको प्रथम सि.डब्लु.ई.एफ.रनिङ शिल्ड भलिवल प्रतियोगिता सम्पन्न भएको छ।

युवा वर्गका खेलकुद र राष्ट्रिय खेल भलिवलको महत्व बुझाउन आफ्नो संस्थामा आबद्ध भएका प्रशिक्षार्थीहरु बिचको आपसी भाईचारा सहितको खेलकुदको विकासको लागि उक्त प्रतियोगिता आयोजना गरिएको संस्थाका म्यानेजर तथा प्रतियोगिता संयोजकद्वय सुमन थापा र नीशान्त थापाले बताए।



पुरुष तर्फ १६ टिम सहभागी मध्य सि.डब्लु.ई.एफ.को 'बी' टिम विजेता भएको छ। पोखराको फुलवारी स्थित ग्रिन गार्डेन स्पोर्ट्समा हालै सम्पन्न भएको फाइनल खेलमा विवस पुलामी मगरको कप्तानीमा सि.डब्लु.ई.एफ.को 'बी' टिमले सागर छन्त्यालको कप्तानीमा मैदानमा उत्रिएको सि.डब्लु.ई.एफ.को 'एफ' टिमलाई ३३–३१, २३–२५, २५–२३ को सेटमा पराजित गर्दै उपाधि जितेको छ। प्रतियोगितामा सि.डब्लु.ई.एफ.को 'बी'टिमका सागर छन्त्याल उत्कृष्ट खेलाडी घोषित हुदै ट्रफी हात पार्न सफल भएका छन्। त्यसैगरी महिला तर्फ सि.डब्लु.ई.एफ.को 'सी' टिम विजेता भएको छ। फाइनल खेलमा सि.डब्लु.ई.एफ.को 'सी' टिमले सि.डब्लु.ई.एफ.को 'बी' टिमलाई पराजित गर्दै २५–२३, २८–३० र २५–१९ को सेटमा पराजित गर्दै उपाधि जितेको आयोजक संस्था सि.डब्लु.ई.एफ.ले जनाएको छ।

प्रतियोगितामा पुरुष तर्फ विजेताले १० हजार उपविजेताले ७ हजार र महिला तर्फ भने विजेताले ३ हजार साथमा शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गरेका छन्। विजयी खेलाडीहरुलाई राष्ट्रिय रेफ्रि श्यामबहादुर श्रेष्ठ र किसान थापाले खेल सम्पन्न गराउनुका साथै संस्थाका म्यानेजर तथा प्रतियोगिता संयोजकद्वय सुमन थापा र निशान्त थापाले पुरस्कार वितरण गरेका थिए।

# वातावरण दिवसमा भद्रकालीमा वृक्षारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

पोखरा महानगरपालिका वडा न. १३ कुँडहर स्थित भद्रकाली माध्यमिक बिद्यालयले विश्व वातावरण दिवस २०२३ को अबसरमा बिद्यालय हाताभित्र बृक्षारोपण तथा सरसफाई कार्यक्रमको आयोजना गरि वातावरण दिवस मनाएको छ।

शिक्षा विकास तथा समन्वय इकाई कास्कीका इकाइ प्रमुख लोकनाथ आचार्यको प्रमुख आतिथ्यतामा सम्पन भएको सो कार्यक्रममा प्रमुख अतिथिले बिद्यालय हाताभित्र धुपीको बिरुवा रोपेर सुभारम्भ गरेका थिए। वृक्षारोपण कार्यक्रम पश्चात आयोजित सभामा



उनले आफ्नो भनाइ राख्दै विश्व वातावरण दिबसको एतिहासिक पृष्ठभुमि, प्लास्टिकजन्य बस्तुको उत्पादन र यसको प्रयोगबाट वाताबरणमा प्रभाव पर्ने भने। भद्रकाली बाल क्लबको ब्यबस्थापन तथा पोखरा म.न.पा., शिक्षा महाशाखाको आर्थिक सहयोगमा कार्यक्रम भएको हो। भद्रकाली मावि व्यवस्थान समितिका अध्यक्ष लोक बहादुर कार्की तथा अन्य सदस्यहरुले पनि वृक्षारोपण गरेका थिए। विद्यालय हाताभित्र र बिद्यालय वरपरको स्थानमा बिद्यार्थीहरुले सरसफाई गरेका थिए। सो अबसरमा वातावरणको महत्व झल्किने गरि वृक्षारोपण र बोटबिरुवाको हेरबिचारको बारेमा प्री-प्राइमरी तहका बालबालिकाहरुलाई सहभागी गराई सम्बन्धित कक्षा शिक्षकहरुबाट सहजिकरण गरिएको कुरा सह-क्रियाकलाप संयोजक मिन बहादुर साउदले पोखरापत्रलाई वताए। सन् १९७३ देखि मनाउन शुरु गरिएको बिश्व वातावरण दिवसहरेको बर्षको जुन ५ तारिखमा बिभिन्न कार्यक्रम गरि मनाइने प्रचलन रहेको छ।

# हिल प्वाइन्ट माविको वृद्धाश्रममा सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

पोखरा महानगरपालिका वडा नं १२ माटेपानीमा स्थित हिल प्वाइन्ट मा.वि. ले विश्व वातावरण दिवसको अवसर पारेर आफ्ना विद्यार्थीलाई सामाजिक, पारिवारिक र शैक्षिक जीवनमा प्रभाव पर्ने गरी संस्कार मूलक कार्यक्रमहरु हालै सम्पन्न गरेको छ।



कक्षा १० का विद्यार्थीले सुब्रत सिग्देल र गायत्री थापाको नेतृत्वमा आफ्नो खाजाखर्च बचत गरेर संकलन गरिएको रकममा विद्यालय एवम् शिक्षकहरुको समेत योगदान थपेर वृद्धाश्रममा सहयोग गरेका छन्। पोखरा-३२ लामेआहाल स्थित राधाकृष्ण वृद्धाश्रममा ६५ जना ज्येष्ठ नागरिकलाई फलफूल, चिनी, चियापत्ती आदि खाद्यपदार्थ वितरण गरिएको हो। बालवालिका एवं हजुरबा र हजुरआमा बिच सम्बन्ध विकसित होस् भनी दिनभर जसो नृत्य प्रदर्शन, भलाकुसारी, अनुभव आदान-प्रदान जस्ता कार्यक्रम गरिएको थियो।

आश्रमका अध्यक्ष प्रेम लिगल, विद्यालयका प्राचार्य दिवाकर जैसी, विद्यार्थीद्वय किरण कार्की र सुक्रिया गुरुङ्गले आ-आफ्ना मन्तव्य राखेका थिए।

कार्यक्रमको संयोजन शिक्षक कपिल अधिकारीले र कार्यक्रम सञ्चालन रामकुमार थापाले गरेका थिए। कक्षा दसलाई वृद्धाश्रम अवलोकन भ्रमणको कार्यक्रम राखिएको थियो भने कक्षा ९ सम्मका विद्यार्थीलाई जनचेतनामूलक र्‍याली, वडा कार्यालयसम्मको सरसफाई, विद्यालय परिसर वरिपरि वृक्षरोपण, वातावरण सम्बन्धी चित्रकला प्रतियोगिता आदि कार्यक्रममा संलग्न गराइएको थियो। सम्पूर्ण कार्यक्रम व्यवस्थापन सञ्चालन सह-प्राचार्य गंगाराम पौडेल र इन्चार्ज सुबोध तिवारीसँगै सम्पूर्ण शिक्षकहरुको उल्लेखनीय सहभागीता रहेको थियो।

# प्रजापतीको अध्यक्षतामा गण्डकी प्रदेश कब्बडी संघ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

पवन कुमार प्रजापतीको अध्यक्षतामा गण्डकी प्रदेशस्तरिय कब्बडी संघ गठन भएको छ।

पोखरामा मंगलबार सम्पन्न प्रथम अधिवेशनले प्रजापतीको अध्यक्षतामा १२ सदस्यिय कार्यसमिति गठन गरेको हो। नवगठित समितिका अध्यक्ष प्रजापती पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष समेत हुन्। त्यसै गरी समितिको उपाध्यक्षमा भरत कुमार श्रेष्ठ र निराजन श्रेष्ठ रहेका छन्। कार्यसमितको सचिवमा हरि जि.सी र कोषाध्यक्षमा विन्दु थापा मगर रहेका छन्।

नवगठित कार्यसमितिको सदस्यमा सन्दिप पन्त, हरि



सिग्देल, युवराज श्रेष्ठ, रविन्द्र खाती क्षेत्री, विज्ञान नेपाली, विकास बाँनिया र तेज बहादुर विष्ट रहेका छन्। खेलकुद विकास ऐन २०७७ अनुसार पहिलो पटक उक्त समिति गठन भएको हो। प्रदेश खेलकुद परिषद गण्डकीका कार्यकारी सदस्य ऋषीराम गौतम र नेपाल कब्बडी संघका राष्ट्रिय उपाध्यक्ष विरेन्द्र कुमार यादवको विशेष उपस्थितीमा सम्पन्न भेलामा कास्की, तनहुँ, गोर्खा, बागलुङ र म्याग्दी जिल्लाको सहभागिता रहेको थियो।

## पर्यटनलाई...

बजारमा प्रवर्द्धनका लागि यस्ता पर्यटकीय गतिविधिले सहयोग पुग्ने बताउनुभयो। नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारी र नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले सरकार र निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर पर्यटन क्षेत्रलाई थप चलायमान बनाउन सबै सरोकारवाला लाग्नुपर्नेमा जोड दिनुभयो। पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आजदेखि सुरु भएको मार्ट यही जेठ २६ गतेसम्म चल्नेछ।

मार्टमा २५ मुलुकका चारसय भन्दा बढीको सहभागिता रहेको आयोजक प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा)नेपाल च्याप्टरले जनाएको छ।

# ए डिभिजन लिग फुटबल : एफसी खुमलटार विजयी

**रासस**
काठमाडौं, २३ जेठ

सहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगितामा एफसी खुमलटार क्लबले सशस्त्र प्रहरी बलको एपिएफ क्लबलाई पराजित गर्दै विजयी भएको छ।

सातदोबाटोस्थित च्यासल मैदानमा मंगलबार भएको खेलमा खुमलटारले एपिएफ क्लबलाई ३-१ गोल अन्तरले पराजित गर्दै विजयी भएको हो। खुमलटारको जितमा मेसुके ओलुमोउले दुई गोल गरे भने स्टेफेन बिनोङले एक गोल थपे।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# पर्यटन उद्योगलाई उत्साहित बनाऔं

सरकारले आगामी आर्थिक वर्षको बजेटमा विलासिता कर शीर्षकमा पर्यटकले प्रयोग गर्ने सुविधामा २ प्रतिशत कर लगाउने प्रस्ताव गरेको छ । बितेका सात महिनामा चार लाख ५७ हजार पर्यटक नेपाल आएका छन् । अगिल्लो वर्षको यही अवधिमा एक लाख २२ हजारमात्र पर्यटक नेपाल भ्रमणमा आएका थिए । होटल व्यवसाय बिस्तारै लयमा फर्कन लागेका बेला करको बोझ थपेकोमा पर्यटन व्यवसायीले चिन्ता प्रकट गरेका छन् । पर्यटकको आगमन बढ्दा पर्यटन व्यवसायी उत्साहित भएका हुन् । कोरोनाको प्रकोपले नेपालको पर्यटन व्यवसाय पनि नराम्ररी थला परेको थियो ।

राज्यले खासै प्रयास नगरे पनि पर्यटन व्यवसाय छिटै नै लयमा फर्कने लक्षण देखियो । यस अवस्थामा राज्यले पनि उचित र आवश्यक सहयोग गरेर प्रोत्साहित गर्नुपर्ने हो । सरकारको मानसिकता भने 'सुनको फुल' पार्ने कुखुरी नै काटेर एकैपटक धनी हुन खोज्ने लोभी व्यापारीको जस्तो देखियो । पर्यटन व्यवसायीलाई पर्यटक आकर्षित गर्न प्रेरित गर्नुपर्नेमा निराश बनाउनु प्रत्युत्पादक हुनसक्छ । यद्यपि, केही प्रतिशत कर थप्दैमा पर्यटकका लागि खासै फरक नपर्ने तर्क गर्न पनि सकिन्छ । सरकारले करका सम्भाव्य सबै स्रोतको पहिचान र परिचालन गर्नु पनि पर्छ । तर, कर लगाउँदा त्यसको औचित्य र प्रभाव हेरिनुपर्छ भन्ने बिर्सनु हुँदैन । करको स्वरूपले राज्यको चरित्र र प्रवृत्ति पनि उजागर गर्छ ।

कर लगाउनुको तात्पर्य त्यस प्रकारको क्रियाकलापबाट राजस्व असुल्नुमात्र होइन राज्यले निरुत्साहित गरेको सन्देश दिनु पनि हो । मदिरा वा सुर्तीजन्य वस्तुमा लगाइने कर यसैको उदाहरण हो । अनुदार अर्थतन्त्रमा सरकारले व्यवसायमाथि नै कर लगाएर राजस्व असुल गर्छ । उदार प्रतिशील पद्धतिमा भने व्यवसायीलाई वैध आमदानी बढाउन सघाएर सरकारले राज्यको ढुकुटी भर्छ । नेपालले उदार प्रगतिशील पद्धति अपनाएको छ । अहिले तुलनात्मकरूपमा सस्तो तर स्तरीय सेवा उपलब्ध गराउन सके पर्यटकको संख्या बढ्न सक्छ । अहिलेका तुलनामा दोब्बर बढी पर्यटकलाई धान्न सक्ने भौतिक सुविधा उपलब्ध रहेको मानिन्छ ।

यसको पूर्ण उपयोग हुने वातावरण बनाउन सहयोग गर्नु सरकारको कर्तव्य पनि हो । बजेटमा प्रस्तावित करको दरमा पारित भएपछि आवश्यकताअनुसार हेरफेर गरिने प्रचलन पनि छ । यस्तै, पर्यटक आकर्षण गर्न सरकारले अरू सुविधा दिएर पनि यसको क्षतिपूर्ति गर्न सक्छ । यसैले पर्यटन व्यवसायीलाई निराश हुन नपर्ने सन्देश दिन सरकारले ढिला नगरोस् । पर्यटन व्यवसायले लय लिन थालेको छ ।

यस्तो बेलामा कर थपेको सन्देश दिनु भुईंको टिप्न खोज्दा पोल्टाको गुमाउने लक्षण हो । अहिले त व्यवसायीको मनोबल बलियो बनाउन सरकारले साथ दिन्छ भन्ने विश्वास दिलाउनुपर्छ । सरकारले पर्यटन व्यवसायलाई सहयोग पुग्नेगरी पर्यटन व्यवसायी र नेपाल वायु सेवा निगमसँग समन्वय गरेर विशेष कार्यक्रम तर्जुमा गर्न सरकारले अग्रसरता लिनुपर्छ । त्यतिमात्र गर्न सके पनि पर्यटन व्यवसायी उत्साहित हुनेछन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# राष्ट्रिय लोकमार्गमा ढुङ्गा, गिट्टी र बालुवा, दुर्घटनाको खतरा

पोखरापत्र संवाददाता
बागलुङ २३ जेठ

लोकमार्गको छेउछाउँमा ढुङ्गा, गिट्टी, बालुवा र विद्युतीय तार छ्यप्ट पारिएका छन् । छेउतिर दरमखोला र कुनापट्टी बडेमानका फलामका पाइप ।

यातायातका साधान निकै जोखिम मोलेर गुड्छन् । पदैलयात्रु पनि सडकभरी लत्रिएका विद्युतीय तारबाट करेन्ट लाग्ने डरले निकै मुस्किलका साथ हिँड्छन् । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको बागलुङ-बुर्तिबाङ खण्डअन्तर्गत गलकोट नगरपालिका-मनेवापाटामा मापदण्ड मिचेर हाइड्रोपावर निर्माण भइरहेको छ । दरमखोला हाइड्रोपावर प्रालिले लोकमार्ग कार्यालयसँग सम्झौता गरेर निर्माण थाले पनि अहिले मापदण्ड विपरीत गरिरहेको पाइएको छ ।

लोकमार्गमै अतिक्रमण गरेर हाइड्रोपावर निर्माण गर्दा सरोकारवाला निकायले कुनै पनि अनुगमन गरेर अटेरी गर्ने निर्माण कम्पनीलाई कारबाही गर्न सकेको छैन । हाइड्रोपावर प्रालिले सडक साँघुरो हुनेगरी विछ्याइएका पाइपले दुर्घटनाको जोखिमसमेत बढाएको छ । व्यक्तिगत कम्पनीले सार्वजनिकस्थल मिचेर काम गर्दा सरोकारवाला मौन बस्नु रहस्यम रहेको यात्रुको भनाइ छ । निर्माण कम्पनीले सवारी आवतजावत ठप्प बनाएर सडकमा पाइप विछ्याउने गरेको गाडी चालकको गुनासो गर्छन् ।

मध्यपहाडी लोकमर्गा कार्यालय पर्वतका इन्जीनीयर राजन पाण्डेले हाइड्रोपावर प्रालिलाई सडकमा यातायातका साधान खुल्ला रुप चल्न दिने गरी काम गर्न पत्रचार गरे पनि अटेरी गरिरहेको बताउनुभयो । सडकको दुई/चार स्थानमा ठाउँमा मापदण्ड विपरीत काम गरेको इन्जीनियर पाण्डेको भनाइ छ । उहाँका अनुसार नौ सय मिटर लोकमार्ग हाइड्रोपावर प्रालिलेनै कालोपत्र गरिदिने सम्झौतामा छ । उहाँले भन्नुभयो,"मापदण्ड अनुसार र निर्माण सामग्री व्यवस्थित रूपमा राखेर निर्माण गर्न भर आठ/दशवटा पत्र पठायौँ तर कुनै वास्ता नगरी काम गरेको छ, हाइड्रोपावर प्रालिले अटेरी गरी राख्दा सवारीसाधान आवतजावतमा समस्या परेको छ, अहिले हामीहरूले प्रेसर गरेपछि छेउपट्टीबाट पर्खाल उठाउने काम गरिरहेको छ, कम्पनीले सम्झौता अनुसार काम गरेको भए समस्या हुने थिएन ।" सात मिटर चौडाइ रहेको दुई लेनको सडकमा कुना भागबाट पाइप विछ्याउँदा पाँच मिटर पनि पुग्दैन । हाइड्रोपावरको पाइपले कुनापट्टीको नालीसमेत पुरेको छ । हाइड्रोपावर प्रालिले पाइप विछ्याएपछि सडक निकै साँघुरो सडक दुर्घटनाको जोखिमसमेत उत्तिकै बढेको छ ।

दरमखोला हाइड्रो इन्जलीले आगामी असार मसान्तभित्र सक्नेगरी हाइड्रोपावरको कामलाई तीव्रता दिएको छ । यहाँबाट ९.६ मेगावाट बिजुली निकालिने कम्पनीले जनाएको छ । हाइड्रोपावर सडकसँगै जोडिएर निर्माण गर्दा गाडी छिराउने मुस्किल हुने गाडी चालक तुलबहादुर तामाङले बताउनुभयो । उहाँले साना गाडी जसोतसो आवतजावत गर्न सके पनि ठूला मालबाहक ट्रक र बसलाई गाह्रो हुने गरेको गुनासो पोख्नुभयो । सडकमा राखिएका पाइपका टुक्रा, गिट्टी र ढुङ्गाका कारण दुर्घटनाको खतरा रहेको चालक तामाङ बताउनुहुन्छ । सडकको दुरावस्थातर्फ कसैको ध्यान पुगेको छैन । सडकमा छरिएका निर्माण सामग्रीलाई व्यवस्थित गर्न आग्रह गर्दिंदै आएको छ । दिउँसोको समयमा सामान पन्छाएर ओहोरदोहोर गर्ने गरिएको छ । राति भने दुर्घटनाको अत्यधिक जोखिम छ ।

# हट्दै छ जातिय छुवाछूतमाथिको विभेद

पोखरापत्र संवाददाता
गल्याङ २३ जेठ

दलित समुदायमाथि जातका आधारमा गरिने छुवाछुत तथा भेदभाव स्याङजामा न्यून हुँदै गएको दलित समुदायले महसुस गर्न थालेका छन् ।

गल्याङ नगरपालिका-६ का मनिसा सेञ्चुरीले वृद्धहरूमा अझै पनि छुवाछुतको मानसिकता रहे पनि नयाँ पुस्ताका गैरदलितले छुवाछुत र विभेद नगर्ने बताउनुभयो । धारोमा पानी भर्दा, मेलापात तथा भोजभतेर र मन्दिरमा हुने भेदभाव हट्दै जान थालेको उहाँको अनुभव छ । मानिसहरू शिक्षित बन्नु, यससम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन, समाजमा चेतनाको विकासलगायतले जातिय छुवाछुत तथा भेदभाव कम भएको उहाँको अनुभव छ । यद्यपि समाजका सबै उमेर समूहमा भने सोही अनुसारको चेतना फैलाउन नसकिएको उहाँले बताउनुभयो । पुराना पुस्ताबाट धर्म तथा संस्कारका नाममा दलितलगायतका जातसँग पानी बार्ने, उनीहरूलाई मन्दिर प्रवेशमा रोक लगाउने र सम्बन्ध नगाँस्ने व्यवहार भए पनि अहिले त्यो न्यून हुँदै गएको छ । पछिल्लो समय दलित र गैरदलित भोजभतेरमा सँगै बसेर खान थालेका छन् । निश्चित जात मात्र पस्न र पूजा गर्न पाउने भनिएका मन्दिर सबैका लागि खुला गरिएको छ । जातियरूपमा गरिने विभेदजन्य कार्यले कानूनीरूपमा दण्डित हुनुपर्ने भएकाले पनि सार्वजनिक रूपमा छुवाछुत न्यून हुँदै गएको धेरैको बुझाइ छ । गल्याङ नगरपालिका-११, गल्कोटका युवा उदयराज भण्डारीले आजका दिनमा सबै प्रकारका भेदभाव निन्दनीय भएको बताउनुभयो । उहाँले जातका आधारमा हुने छुवाछुत तथा भेदभाव हटाउन विभिन्न सङ्घ संस्थासँगको सहकार्यक्रम अभियान चलाइएको समेत जानकारी दिनुभयो । जातिय छुवाछुतविरुद्धको अभियान सञ्चालन गर्दा आफूहरूलाई पुराना पुस्ताबाट सामाजिक बहिस्कारको चेतावनी समेत आउने गरेको गुनासो पोख्नुभयो । यद्यपि समाजलाई पूर्णरूपमा परिवर्तन गर्न भने केही समय लाग्ने र आफूहरू सोही बाटोमा अग्रसर भएको उहाँको भनाइ छ ।

गल्याङ नगरपालिका-४, का नारायण न्यौपानेले नयाँ पुस्तामा यसप्रकारको विभेदको मानसिकता हराउँदै गएको बताउनुभयो । गल्याङ नगरपालिका-४, कै मञ्जु मगरले पनि पनि खानेपानीका धारा, मन्दिरलगायतका स्थानमा गरिने विभेद हराउँदै गएको अनुभव सुनाउनुभयो । दलित अधिकारकर्मी पूर्णिमा परियारले दलित एक्लैको प्रयासले जातिय छुवाछुत तथा भेदभाव निर्मूल नहुने भन्दै सबैको साझा प्रयास आवश्यक रहेको बताउनुभयो । उहाँले सरोकारवाला निकायसँग नागरिकलाई संविधान र कानुनका बारेमा अवगत गराउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिदिन आग्रह गर्नुभयो ।

# गलेश्वरको आम्दानी एघार महिनामा करोड नाघ्यो

पोखरापत्र संवाददाता
म्याग्दी, २३ जेठ

म्याग्दीको बेनी नगरपालिका-९ स्थित गलेश्वर मन्दिरमा चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा रु एक करोडभन्दा बढी आम्दानी भएको छ ।

भक्तजनको आगमनसँगै मन्दिरको भेटीलगायत शीर्षकमा आम्दानी बढेको हो । चालु आवको साउनदेखि जेठ २१ गतेसम्म रु एक करोड पाँच लाख २१ हजार पाँच सय आठ आम्दानी भएको कोषका कोषाध्यक्ष कुमारी रोकाले जानकारी दिनुभयो । "गत वर्षको असारसम्म कोषको आम्दानी रु दुई करोड ९० लाख ८२ हजार २३५.६० थियो", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षको हालसम्म रु एक करोड ५१ लाख एक हजार एक सय ३८ आम्दानी भएकामा विभिन्न शीर्षकमा रु ४५ लाख ७९ हजार छ सय ३० खर्च भएको छ ।" सबैभन्दा बढी मण्डप भेटी रु २४ लाख ७६ हजार चार सय ९९ र मेलापर्वको भेटी रु २६ लाख ९१ हजार छ सय ३८ आम्दानी भएको छ । आव २०७८/७९ मा रु ४० लाख ८५ हजार पाँच सय २२ भेटीसहित रु ९१ लाख ८२ हजार पाँच सय ६९ आम्दानी भएको थियो ।

यज्ञ दर्तामा रु चार लाख ३५ हजार छ सय दुई, यात्री निवासबाट रु छ लाख ५९ हजार १०, ब्याज आम्दानी रु १३ लाख २७ हजार ३९, दान दातव्य रु १५ लाख १२ हजार सात सय २२, जिन्सी बिक्रीबाट रु दुई लाख ९८ हजार तीन सय ७१, स्टल भाडाबाट रु पाँच लाख दुई सय ६०, पार्किङ शुल्कबाट रु एक हजार नौ सय ५० र विविध शीर्षकमा रु ३७ हजार २० आम्दानी भएको कोषका कार्यालय सचिव राम बानियाँले जानकारी दिनुभयो ।

गत वैशाख २० देखि यही जेठ २१ गतेसम्म रु छ लाख ४४ हजार छ सय ९७ भेटी सङ्कलन भएको छ । गत वैशाख महिनामा रु पाँच लाख २२ हजार दुई सय २५ भेटी सङ्कलन भएको थियो । कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको चट्टानमाथि अवस्थित गलेश्वर शिवालय क्षेत्र हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ ।

हिन्दूधर्म ग्रन्थमा सतिदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउन महिनाको सोमबार, बालाचर्तुदशी र शिवरात्रि पर्वमा विशेष मेला लाग्नेछ । अन्य समय दैनिक पूजाआजा हुने मन्दिरमा भक्तजनको चाप पनि बढ्दै गएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । "गलेश्वरमा भक्तजनले चढाउने भेटी मेलाको भोलिपल्टै र अन्य समयमा मासिकरूपमा गनेर सार्वजनिक गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "भेटी व्यवस्थित गर्न थालेपछि दानवीरले खुलेर सहयोग गर्न थालेका छन् ।"

मन्दिरको आम्दानीबाट हाले रु दुई लाख ३० हजार सात सय ५० खर्चेर गलेश्वर बजारको २.५ किमी सडक र मन्दिर परिसरमा सोमबार ५५ वटा सडक बत्ती जडान गरिएको थियो । गत वर्ष गलेश्वर मन्दिरमा पित्तलको छाना छाउन रु ३१ लाख ७५ हजार, सामुदायिक भवन बनाउन रु २१ लाख ९९ हजार, कालीगण्डकीबाट पानी ल्याएर ११ धारा बनाउन रु चार लाख खर्च गरेको थियो ।

जडभरत संस्कृत माविका तीन जना शिक्षकको तलबका लागि मासिक रु ७२ हजार, आश्रमका ज्येष्ठ नागरिक र तीर्थयात्रीलाई भोजन गराउँदै आएको अन्नक्षेत्रका भान्छेलाई मासिक रु १७ हजार तलब मन्दिरको आम्दानीबाट दिने गरिएको कोषका सदस्य सचिव बलबहादुर खत्रीले बताउनुभयो ।

विसं २०६७ सम्म भक्तजनले मूल मन्दिर, आसपासका क्षेत्रमा रहेका शालिग्राम, कुण्डलगायत क्षेत्रमा चढाएको सुनचाँदी, तामा, नगदसहित जिन्सी सामग्रीको कुनै लेखाजोखा हुने गरेको थिएन ।

भेटी, महायज्ञबाट सङ्कलन तथा तीर्थयात्रीले दिएको दानबाट पछिल्लो १२ वर्षको अवधिमा करिब रु १० करोडको लागतमा विभिन्न भौतिक पूर्वाधार निर्माण भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ । धर्मशाला, सभाहल, बाटिका, यज्ञशाला, पाठशाला, पुजारी निवास, भोजनालय, कालीगण्डकीसम्म पुग्ने मार्ग, १०८ शिवलिङ्ग, जडभरत, नटराज र लक्ष्मी नारायणको मूर्ति स्थापनालगायत भौतिक संरचना निर्माण भएका हुन् । तेह्र वर्षअघिसम्म रु ३१ लाख रहेको कोषको आम्दानी हाल करिब रु चार करोड पुगेको छ ।

# गिलुङ समाज पोखराको १७ औं साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ

लमजुङको क्होंलासोथर ९, गिलुङबाट पोखरा आइ बसोबास गर्नेहरुको संस्था गिलुङ समाज पोखराले शताब्दी पितालाई सम्मान गरेको छ ।

समाजले आफ्नो १७ औं वार्षिक साधारण सभाको अवसरमा शताब्दी उमेर पार गरेका शताब्दी पिता गुम्बसिंह गुरुङलाई सम्मानित गरेको हो । पुरानो गिलुङमा जन्मेका गुम्बसिंह हाल पोखरा १३ मा बसोबास गर्दै आएका छन् । उनलाई कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब अफ पोखरा अन्नपूर्णका पूर्वअध्यक्ष सोनाम साङ्पो,गिलुङ समाज तथा कार्यक्रमका अध्यक्ष दूधमान गुरुङ'आशिष' लगायतले दोसल्ला र प्रमाणपत्रसहित सम्मानित गरेका हुन् ।

प्रमुख अतिथि सोनाम साङ्पोले जन्मभूमिलाई सम्झँदै गिलुङ समाजले गरेका सामाजिक कामको मुक्तकण्ठले प्रशंसा गरे । दीर्घजीवनको लागि शरीर र मन स्वस्थ राख्नुपर्ने उनको सुझाव थियो । शताब्दी पुरुषको सम्मानले दीर्घजीवन बाँच्ने प्रेरणाका साथै समाजलाई केही गर्यौं भन्ने भावना जागृत हुने समाजका अध्यक्ष दूधमान गुरुङले बताए ।

अध्यक्ष गुरुङले समाजका सदस्यहरुलाई स्वास्थ्यमा सहज र सुलभ पहुँचको लागि दृष्टि आँखा अस्पताल,नयाँबजार पोखरा र फिजियो तथा अन्य उपचारका लागि ए एण्ड बी इन्टरनेसनल अस्पताल प्रालि विन्ध्यवासिनीसँग सम्झौता गरिएको जानकारी पनि दिए ।



सम्मानित व्यक्तित्वको जीवनीबारे महिला समितिका सल्लाहकार लक्ष्मी गुरुङले जानकारी गराएको कार्यक्रममा समाजका संस्थापक अध्यक्ष सेतेसुब्बा गुरुङसहित मुक्तेत्र गुरुङ,कृष्णबहादुर गुरुङ,तुलसीप्रसाद गुरुङ, देवमाया गुरुङलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । उपाध्यक्ष सु.मे.ह.क्या.कुशप्रसाद गुरुङको स्वागत तथा सचिव टेकप्रसाद गुरुङको संचालन रहेको कार्यक्रमकै अवसरमा समाजले प्रकाशन गरेको क्यालेण्डर पनि विमोचन गरिएको थियो । साधारण सभाले सचिव र कोषाध्यक्षको वार्षिक प्रतिवेदन पारित गरेको सचिव टेकप्रसादले बताए ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १७, कास्की नहर किनार छेखबार निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: नहर किनार छेखबार निर्माण**
**स्थान: पोखरा-१७, कास्की**
**योजना सम्झौता मिति : २०७९/१२/०६ गते**
**योजना सुरु मिति : २०७९/१२/०७ गते**
**योजना सम्पन्न मिति: २०८०/०२/३० गते**
**योजनाको कुल लागत : रु. २९,४१,२६१।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२५,००,०००।-**
**जन सहभागितावाट : रु.४,४१,२६१।-**
**उपभोक्ता समिति अध्यक्षः डोलराज पौडेल**
**सम्पर्क मो. ९८५६०३५७२१**

**फेवा नहर रेलिङ्ग उपभोक्ता समिति**
**पोखरा-१७**

# सत्यता सहकारीको रक्तदानमा ९० युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ



सत्यता बचत तथा ऋण सहकारी संस्था लिमिटेडले गरेको रक्तदान कार्यक्रममा ९० युनिट रगत संकलन भएको छ।

'रक्तदान जिवनदान जिवनदान महादान' भन्ने मूल नाराका साथ पोखरा २६ बिजयपुरमा कार्यलय रहेको सत्यता बचत तथा ऋण सहकारी संस्था लि।ले मंगलबार गरेको रक्तदान कार्यक्रममा ९० युनिट रगत संकलन भएको हो।

सहकारीले आफ्नो १० औ स्थापना दिवसको अबसर पारेर खुल्ला रक्तदान कार्यक्रम आयोजना गरेको जनाएको छ । सहकारीको प्राङणमा आयोजित कार्यक्रममा प्रमुख अतिथि एवं पोखरा महानगरपालिका वडा नम्बर २६ का वडाध्यक्ष नरेन्द्र थापाले पहिलो रक्तदाता वसन्त वंजरालाई ब्लड ब्याक हस्तान्तरण गर्दै कार्यक्रमको शुभारम्भ गरेका थिए । उक्त अबसर थापाले मानिसको स्वास्थ्य संग जोडिएको र मानव जिबनको लागि अत्यावश्यक रगत संकलनको लागि सत्यता सहकारीले रक्तदान कार्यक्रम राखेर सामाजिक उत्तरदायित्वमा आफुलाई अब्बल साबित गरेको बताए। सहकारीका अध्यक्ष निकिता सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सिलिङ्गे कृषि सहकारी संस्था लि. का अध्यक्ष्य ठाकुर प्रसाद रानाभाट, जागरूक समाज पोखरा-२६ का अध्यक्ष रामहरी ढुंगाना, नेपाली काङ्ग्रेस पोखरा- २६ का सभापती शिव बहादुर रानाभाट, राप्रपा पोखरा- २६ का अध्यक्ष टिकाराम अधिकारी, लेखनाथ उद्योग वाणिज्य संघका उपमहासचिव जानुका रानाभाट, लेखनाथ उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष सुमन भट्टराई, सहकारीका पुर्व अध्यक्ष खड्क वहादुर रानाभाट, सल्लाहकार चन्द्र गोपाल रानाभाट र नरभुपाल पौडेल लगायतले बोलेका थिए।

उपाध्यक्ष गणेश राजवंशीले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन सचिब प्रज्वल अधिकारीले गरेका थिए भने कार्यक्रम संयोजक नरेश पौडेलले कार्यक्रम सफल पार्न सहयोग हुने सबैलाई धन्यवाद व्यक्त गर्नु गरेका थिए। रक्तदान कार्यक्रममा रक्त संचार केन्द्र पोखराका बरिस्ठ प्राबिधिक महेन्द्र केसी नेतृत्वको टोलीले प्राबिधिक सहयोग गरेको सहकारीले जनाएको छ।

# 'जलवायु परिवर्तनको न्यूनीकरणसँगै अनुकूलित हुनु सिकौँ'

पोखरापत्र संवाददाता
गण्डकी, २३ जेठ

वातावरण र प्राणी जगतमा देखिएको चुनौतीको सामना गर्न सामूहिक प्रयास आवश्यक रहेको यहाँ आयोजित विभिन्न कार्यक्रममा जोड दिइएको छ।

एकाउन्नौँ विश्व वातावरण दिवसको अवसरमा पोखरामा आयोजित छुट्टाछुट्टै कार्यक्रममा वक्ताले जलवायु परिवर्तनको न्यूनीकरणसँग अनुकूलित हुँदै अघि बढ्नुको विकल्प नभएको बताएका हुन् । 'प्लाष्टिकजन्य प्रदूषण निर्मूल पारौँ, वातावरण मैत्री विकल्पको उपयोग गरौँ' भन्ने नाराका साथका आयोजित कार्यक्रममा वक्ताले नकुहिने र जलाउँदा विषालु ग्यास उत्सर्जन हुने प्लाष्टिकजन्य सामग्रीको प्रयोग घटाउने अभियानमा सबै जुट्नुपर्नेमा जोड दिएका थिए।

पोखरा महानगरपालिका कार्यवाहक प्रमुख मञ्जुदेवी गुरुङले नयाँ पोखरा सामुदायिक उपभोक्ता वन समूह उज्यालो डाँडा काहुमा आयोजित वृक्षरोपण कार्यक्रमको शुभारम्भ गर्दै समूहले वन र वातावरणका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको बताउनुभयो।

वन क्षेत्रलाई मुलुकको समृद्धिको अभियानमा जोड्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले वन तथा वातावरण संरक्षणमा सबैसँग सहकार्य गरेर अघि बढ्न महानगर तयार रहेको प्रतिबद्धतासमेत व्यक्त गनुभयो।

पोखराबाट नजिकमा अवस्थास्थित महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा विकसित भएको काहुडाँडालाई रङ्गीचङ्गी फूलहरुको डाँडाका रुपमा परिणत गरी थप पर्यटकको आकर्षण बढाउने लक्ष्यका साथ गुलमोहर, कल्की, जमारन्दा, टेकोमा, लालीगुराँसलगायत विभिन्न जातका सात सयभन्दा बढी बिरुवा रोप्ने कार्यक्रम रहेको वन समूहका अध्यक्ष इन्द्रकुमारी आचार्यले जानकारी दिनुभयो।

त्रिपन्न घरधुरी उपभोक्ता एक सय ७५ रोपनी क्षेत्रफल रहेको उक्त वनको संरक्षणका लागि गण्डकी प्रदेश सरकारको २० लाख र स्थानीय जनसहभागी १२ लाख गरि कूल ३२ लाखको लागतमा वन क्षेत्रको संरक्षणका लागि पक्की पर्खाल लगाउने कार्य सुरु भएको उहाँको भनाइ छ । कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेश अध्यक्ष कालीदास सुवेदी, पोखरा-११ का वडाअध्यक्ष प्रेम कर्माचार्य, वातावरण महाशाखाका निर्मल भण्डारी, वातावरण प्रेमी चन्द्रबहादुर गुरुङलगायतले वातावरण सन्तुलन राख्न वन क्षेत्रको भूमिकाका बारेमा चर्चा गर्नुभएको थियो । डिभिजन वन कार्यालय कास्कीबाट निःशुल्करुपमा उपलब्ध गराइएका बिरुवा रोप्ने कार्यक्रममा वन उपभोक्तासहित विभिन्न सङ्घसंस्थाका प्रतिनिधि एवं विद्यार्थीको बृहत् सहभागिता थियो । अवसरमा डिभिजन वन कार्यालय कास्कीको आयोजना एवं पोखरा-२८ मैदीपोखो सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापनमा वृक्षरोपण कार्यक्रमको आयोजना गरियो। उक्त वन क्षेत्रमा विगतमा गएको ठूलोपहिरोको संरक्षणका लागि बायोइञ्जिनियरिङ प्रविधिको प्रयोगसहित बाँसरोपण अभियान सुरु गरिएको डिभिजन वन कार्यालय कास्कीका प्रमुख केदार बरालले जानकारी दिनुभयो। गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरे वृक्षरोपण कार्यक्रमको शुभारम्म गर्दै नेपालमा ४५ प्रतिशत वन क्षेत्र रहेको उल्लेख गर्दै यसबाट वातावरणीय तथा कार्बन सञ्चितिमा महत्वपूर्ण योगदान रहेको विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा स्थानीय मुरली बाँसका पाँच सयभन्दा बढी बिरुवा रोपिएको थियो । पहिरो क्षेत्रमा अघिल्लो वर्षसमेत बाँस, तेजपातलगायतका विभिन्न प्रजातिका तीन सय बिरुवा रोपिएको थियो । रोपिएका बिरुवामध्ये ८० प्रतिशत हुर्केको सामुदायिक वन उपभोक्ता महासङ्घ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले जानकारी दिनुभयो। वि श्व वातावरणका अवसरमा पोखरा सहर तथा आसपासका क्षेत्रमा विभिन्न विद्यालयका विद्यार्थी, सङ्घसंस्था लगायतले फोहर सङ्कलन एवं व्यवस्थापनसँगै वातावरणसम्बन्धी विविध चेतनामूलक कार्यक्रमको आयोजना गरेको थिए।

# गर्मी बढेपछि पाँचदिन विद्यालय बन्द

पोखरापत्र संवाददाता
दमौली, २३ जेठ

अत्याधिक गर्मी बढेपछि तनहुँको देवघाटका विद्यालय सोमबारदेखि पाँच दिन बन्द भएका छन् । देवघाट गाउँपालिकाले सोमबारदेखि वडा नं १ र ५ का सबै विद्यालय पाँच दिन बन्द गर्ने निर्णय गरेको हो।

केही दिनदेखि अत्यधिक गर्मीका कारण विद्यालयमा शैक्षिक क्रियाकलाप सञ्चालन गर्न कठिनाइ भइरहेको गुनासो आएका कारण उक्त दुई वडाका विद्यालयमा शैक्षिकसत्र २०८० को वर्षे बिदाबाट कट्टा हुनेगरी विद्यालय बन्द गर्ने निर्णय गरिएको देवघाट गाउँपालिका शिक्षा शाखा प्रमुख होमनाथ लामिछानेले जानकारी दिनुभयो । अन्य वडामा भने चिसो ठाउँ भएकाले विद्यालय बन्द गर्नु नपरेको उहाँले बताउनुभयो । अत्यधिक गर्मी बढेपछि जिल्लाका विभिन्न पालिकाले विद्यालयमा बिदा दिएका छन् । व्यास नगरपालिका-५ स्थित परासर माध्यमिक विद्यालयले आजदेखि गर्मी बिदा दिएको छ।

व्यास नगरपालिकाको जेठ १९ गतेको निर्णयअनुसार गर्मी बढेकाले २६ गतेसम्म बिदा दिइएको विद्यालयका प्रधानाध्यापक रामदत्त पौडेलले जानकारी दिनुभयो। गर्मी बढी नै भएको तथा विद्यालयमा सुख्खा मौसमका कारण खानेपानीको अभावसँगै पठनपाठनमा असजिलो भएकाले विद्यालय व्यवस्थापन समितिको आइतबारको निर्णयअनुसार बर्खे बिदाबाट कट्टी हुनेगरी बिदा दिइएको उहाँले बताउनुभयो।

व्यास नगरपालिकाले बर्खे बिदाबाट कट्टा हुनेगरी विद्यालय व्यवस्थापन समितिको निर्णय गराई बिदा दिनसक्ने निर्णय गरेको नगरपालिकाका शिक्षा अधिकृत नवीन पराजुलीले जानकारी दिनुभयो । बिदाका क्रममा स्वअध्ययन गर्न, सिकाइ बोझ नहुने गरी गृहकार्य दिन, सिर्जनशील सिकाइ क्रियाकलाप दिन र दिउँसोको समयमा घर बाहिर नजान सुझाव दिन अनुरोध गरिएको छ।

# अलपत्र आयोजना सक्न सरकारको ध्यानाकर्षण

पोखरापत्र संवाददाता
बागलुङ, २३ जेठ

बागलुङ जिल्ला समन्वय समितिको दोस्रो जिल्ला सभाले अलपत्र परेका मुख्य आयोजना तत्काल पूरा गर्न सङ्घीय र प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ। सभाले मध्यपहाडी लोकमार्गसहित रणनीतिक सडक, अस्पताल, स्वास्थ्यचौकी जस्ता करोडौँका आयोजना समयमा नसक्दा जनताले सास्ती खेप्नुपरेकाले समयमै पूरा गर्न आग्रह गरेको छ।

जिल्ला समन्वय समितिका प्रमुख अमर थापाका अनुसार सभाले समपुरक कोषमार्फत् सञ्चालित धेरै आयोजना सङ्घ र प्रदेशको बजेट निकासा नभएर अलपत्र परेको भन्दै पालिकालाई दोहोरो भार पार्ने काम रोक्न माग गरेको छ। त्यस्तै दक्षिण बागलुङ जाने मालढुङ्गा कुश्मीसेरा सडकको गलुवा पहिरो नियन्त्रणका लागि बैठकले पहल गरेको छ। राष्ट्रपति शैक्षिक सुधार परियोजनामा निर्माण भएका भवनको रकम निकासा नभएको, काम गर्दा गर्दै बेरुजू आउने समस्या समाधानमा पनि समितिले चासो राखेको हो । सो अनुसार काम अगाडि बढाउने निर्णय समेत गरेको हो। पटक-पटक तेलको मूल्य घट्दा पनि सवारीको भाडादर नघटेको, कच्ची सडक हुँदाके भाडादर पक्की बन्दा पनि नघटाइएकोमा सभाले चासो राखेको थियो। सोको कार्यान्वयनका लागि प्रमुख जिल्ला अधिकारी र यातायात व्यवस्था कार्यालयमार्फत् पहल गर्ने निर्णय गरिएको समन्वय अधिकारी कृष्णराज गौतमले बताउनुभयो । बैठकमा तमानखोलाको बोङ्गादोभान बजार र निसीखोला गाउँपालिकाको हुल्दी पहिरो प्रभावित क्षेत्रमा आवस्यक लगानी भित्राएर संरक्षणका कार्यक्रम संचालन गर्नुपर्ने समेत निर्णय गरिएको बताइएको छ।

बजार क्षेत्रमा देखिने अखाद्य बस्तुको बिक्री बितरणमा कडाइ गर्न जिल्ला अनुगमन समितिलाई निर्देशन दिने, नियमित अनुगनमका लागि पहल गर्ने प्रक्रियासमेत अगाडि बढाउनुपर्ने निर्णय गरिएको हो।

जिल्लाभित्रका सरोकार राख्ने विषयमा छलफल गर्नुको साथै बैठकले सबै पालिकालाई तीन दिनभित्र आफ्नो आफ्नो पालिका भित्रका अलपत्र योजनाको सूचिकरण गर्न पनि निर्देशन दिएको छ। उक्त निर्देशन अनुसार अलपत्र परेका योजना कति छन्, कता छन्, कति लगानी भयो, कति आवश्यक छ। काम गर्ने ठेकेदारको बिवरण र अहिले सम्म के कति काम सम्पन्न भएको जानकारी माग गरिएको थापाले जानकारी दिनुभयो।


## सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबु खैरेनी, तनहुँ
## मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७९/०८० का लागि मिति २०८०/०२/२४ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ।

| ब्राण्ड | मि.लि. | यू. पी. | नेशनल डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | नेशनल डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | होलसेल मुल्य प्रति कार्टून | होलसेल कमिशन प्रति कार्टून | रिटेल मुल्य प्रति कार्टून | रिटेल कमिशन प्रति कार्टून | उपभोक्ता मुल्य प्रति कार्टून | उपभोक्ता मुल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| IMAGE carbon Black / Premium | 500 | 50 | 7350.00 | 250.00 | 7600.00 | 450.00 | 8050.00 | 450.00 | 8500.00 | 1094.00 | 9594.00 | 533.00 |
| IMAGE 180 ML | 180 | 50 | 7350.00 | 250.00 | 7600.00 | 450.00 | 8050.00 | 450.00 | 8500.00 | 1004.00 | 9504.00 | 198.00 |
| Twenty- Twenty | 180 | 50 | 6500.00 | 150.00 | 6650.00 | 250.00 | 6900.00 | 350.00 | 7250.00 | 814.00 | 8064.00 | 168.00 |
| मिराज एप्पल फ्लेवर R.B., मिराकल R.B, ब्यालेन्स एक्स्ट्रा ड्राई | 180 | 50 | 6100.00 | 200.00 | 6300.00 | 200.00 | 6500.00 | 350.00 | 6850.00 | 734.00 | 7584.00 | 158.00 |
| उत्सव एप्पल फ्लेवर R.B., मिराज एप्पल फ्लेवर H.B. | 180 | 50 | 6000.00 | 200.00 | 6200.00 | 200.00 | 6400.00 | 350.00 | 6750.00 | 690.00 | 7440.00 | 155.00 |
| उत्सव एप्पल फ्लेवर H.B.,मिराकल, उत्सव XXX, उत्सव दूधिया स्पेशल,,ब्यालेन्स | 180 | 50 | 5950.00 | 150.00 | 6100.00 | 200.00 | 6300.00 | 300.00 | 6600.00 | 744.00 | 7344.00 | 153.00 |
| उत्सव सूनामी स्ट्रोङ,सूनामी एक्स्ट्रा ड्राई , एक्स्ट्रीम, मिराज,सूनामी स्ट्रोङ, | 180 | 50 | 5850.00 | 150.00 | 6000.00 | 200.00 | 6200.00 | 300.00 | 6500.00 | 700.00 | 7200.00 | 150.00 |
| X-CITE GOLD, ARROW EXTRA STRONG | 300 | 70 | 1250.00 | 40.00 | 1290.00 | 60.00 | 1350.00 | 65.00 | 1415.00 | 205.00 | 1620.00 | 54.00 |
| KARUWA APPLE / PREMIUM , XCITE | 300 | 70 | 1160.00 | 30.00 | 1190.00 | 45.00 | 1235.00 | 45.00 | 1280.00 | 130.00 | 1410.00 | 47.00 |
| KARUWA(Blue/Pineapple), 4G | 300 | 70 | 1065.00 | 25.00 | 1090.00 | 45.00 | 1135.00 | 45.00 | 1180.00 | 110.00 | 1290.00 | 43.00 |
| KARUWA(Litchi/Nimbu), ARROW APPLE, FATAFAT(Green/Red) | 300 | 70 | 1000.00 | 20.00 | 1020.00 | 40.00 | 1060.00 | 40.00 | 1100.00 | 100.00 | 1200.00 | 40.00 |
| करुवा ठेकी दूधिया/ब्ल्याक, करुवा दूधिया /ब्ल्याक, पानश दूधिया /ब्ल्याक, एरो दूधिया /ब्ल्याक | 300 | 70 | 970.00 | 20.00 | 990.00 | 35.00 | 1025.00 | 35.00 | 1060.00 | 110.00 | 1170.00 | 39.00 |

नोट उपरोक्त बिक्री मूल्यहरुमा ब्यबसायको आवश्यकता अनुसार बिभिन्न ब्यापारिक एबं अन्य छूटहरु र हाल अनूमान गर्न नसकिने खर्चहरुको शोधभर्ना दिन सकिनेछ।